स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.
(साविकको स्वरोजगार लघुवित्त विकास बैंक लि.)
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.

दर्ता नं.: ११५७/०६६/०६७
केन्द्रिय कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
टेलिफोन नं.: ०११-६६१०६०
फ्याक्स नं.: ०११-६६१०६०
Email: info@slbbl.com.np

च.नं. ०१०-२०७७/०७८ मिति : २०७७/०४/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाण्डौं।

**विषय : विशेष साधारण सभा सम्पन्न भएको जानकारी गराइएको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड र जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेड बीच मिति २०७६/१०/२८ मा एक आपसमा गाभ्ने /गाभिने (मर्जर) कार्यका लागि समझदारी पत्र (MOU) मा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकमा पेश गरि मिति २०७७/०२/२२ को पत्रबाट सैद्धान्तिक सहमति पत्र (LOI) प्राप्त भएको र दुवै संस्थाहरुबीचको एक आपसमा गाभ्ने /गाभिने (मर्जर) सम्बन्धी कार्य सम्पन्न गर्न यस संस्थाको मिति २०७७/०३/२५ गते बसेको सञ्चालक समितिको २०४ औं बैठकको निर्णयानुसार यस संस्थाको बिशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरुमा छलफल तथा निर्णय भएको हुँदा जानकारीको लागि अनुरोध छ।

**बिशेष साधारण सभा भएको मिति, समय र स्थान :**

**मिति :-** २०७७/०४/१०. गते शनिवार (तदनुसार २५ जुलाई २०२०)
**समय :-** विहान ११:०० बजे
**स्थान :-** सि.डब्ल्यु. रेस्टाे एण्ड क्याफे, कमलादी, काठमाडौ

**बिशेष साधारण सभामा पेश गरिएको प्रस्तावहरु :**

(क) **विशेष प्रस्तावहरुः**

१. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने संम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारीत गरियो ।

२. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि मूल्यांकनकर्ताबाट चल-अचल सम्पत्ति तथा दायित्वको मूल्यांकन गरी प्राप्त प्रतिवेदन (Due Dilligence Audit-DDA) को आधारमा र दुवै संस्थाको संचालक समितिको आपसी समझदारीको आधारमा संयुक्त प्राप्ति समितिबाट स्वरोजगार लघुवित्त वित्तीय संस्था

लिमिटेडको १०० कित्ता शेयर बराबर  जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडको ७० कित्ता शेयर कित्ता कायम हुने गरि गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई अनुमोदन गरियो ।

३. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा सम्पन्न प्रारंम्भिक समझदारीपत्र अनुमोदन गर्ने तथा अन्तिम सम्झौता गर्न संचालक समितिलाई अख्तियारी प्रदान गरियो ।

४. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनका लागि गठित संयुक्त प्राप्ति समितिबाट नियुक्त सम्पत्ति तथा दायित्वको मूल्यांकनकर्ता Deoki Bijay & Co, Chartered Accountants श्री C.S Deo, FCA को नियुक्ति तथा पारिश्रमिक र प्राप्ति संम्बन्धि कार्यमा भए गरेका खर्चहरु अनुमोदन गरियो ।

५. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरे पश्चात स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिका सदस्य तथा प्रमुख कार्यकारी अधिकृत तथा निजहरुको कार्यकाल यथास्थिती रहने निर्णय गरियो ।

६. स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेडले जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गरे पश्चात  कायम हुने चुक्ता पुँजीको आधारमा १:१ (शत प्रतिशत) हकप्रद शेयर जारी गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

७. वित्तीय संस्थाको अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धी हुने हुँदा सो बमोजिम हुने गरी प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन वा परिमार्जन गर्ने र सो सम्बन्धमा नियामक निकायवाट कुनै संशोधन वा थपघट गर्न आवश्यक देखी निर्देशन प्राप्त भएमा सो सम्बन्धी कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

८. प्राप्ति पछि वित्तीय संस्थाको नाम स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड ( SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LIMITED) रहने छ । संयुक्त कारोवार स्वरोजगार लघुवित्त वित्तीय संस्थाको केन्द्रिय कार्यालय बनेपा ५ काभ्रपलाञ्चोकबाट गरिनेछ र संयुक्त कारोवार पश्चात नेपाल राष्ट बैंकको स्विकृति लिई वित्तीय संस्थाको केन्द्रिय कार्यालय नागार्जुन नगरपालीका वार्ड नं ४ काठमाण्डौमा स्थानान्तरण गर्ने र सोहि वमोजिंम वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारीत गरियो ।

९. उपयुक्त अन्य लघुवित्त संस्थाहरु संग गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

१०. उल्लेखित प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो

बोधार्थ,

श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।

श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।

श्री कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।

भवदीय,

मनोज कृष्ण उप्रेती

(कम्पनी सचिव)